नेपाल सरकार

# गृह मन्त्रालय

(......(स्थानीय प्रशासन शाखा..).शाखा)

फोन नं.: ४२११२०८, ४२०००७३, ४२११२६६
फ्याक्स: ०१-४२११२१६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- स्था. प्र. ०७३/७४
चलानी पत्र संख्या र मिति :-
च. नं. :- २५२

मिति:- २०७३/११/०४

विषय :- <u>निजी सुरक्षा कम्पनीहरुको नवीकरण सम्बन्धमा ।</u>

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै।

निजी सुरक्षा कम्पनीहरुको अनुमति, संचालन र नियमनका कामहरु क्षेत्रीय प्रशासन कार्यालयहरुले गर्ने गरि तोकिएको छ । सुरक्षा कम्पनीहरुले निजी क्षेत्रमा सुरक्षा उपलब्ध गराउन कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई कार्य सञ्चालन अनुमति सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयहरुबाट लिनुपर्ने व्यवस्था रहेको छ । सञ्चालनमा रहेका सुरक्षा कम्पनीहरुले वार्षिक रुपमा सञ्चालन अनुमतिको नविकरण गर्नु पर्ने प्रावधान समेत रहेको छ। कार्य सञ्चालन सहमति समाप्त भएको तीन महिनाभित्र कार्यसञ्चालन अनुमति लिन आएमा एक आर्थिक वर्षको लागि सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयले कार्य सञ्चालन सहमति प्रदान गर्न सक्ने र तीन महिना पछि मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था रहेकोमा निजी सुरक्षा कम्पनीहरुको नियमनको कार्य पूर्ववत् व्यवस्थाका अलावा मिति २०७३/११/०३ (सचिवस्तर) को निर्णयबाट भएका तपसिलका निर्णयहरु थप गरी कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिल

१. आर्थिक वर्ष समाप्त भएको तीन महिना पछि निवेदन पेश गर्ने कम्पनीका हकमा पनि नियमित अनुगमन गरी सुरक्षा निकायको समेत प्रतिवेदन लिई कार्यसञ्चालन सहमति प्रदान गर्ने अधिकार क्षेत्रीय प्रशासन कार्यालयलाई दिने ।
२. कार्य सञ्चालन सहमतिका लागि नवीकरण गर्न आउने कम्पनीहरुलाई प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को नियम ७ को उप नियम (४) र (५) बमोजिम दस्तुर लिई नवीकरण गर्ने र नयाँ कार्य सञ्चालन सहमतिका लागि पेश हुने कम्पनीहरुका हकमा ऐ.ऐ नियमावलीको नियम ४ बमोजिमको दस्तुर लिने व्यवस्था गर्ने ।
३. निजी सुरक्षा कम्पनीको प्रधान कार्यालय रहेको जिल्लासँग सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयले मात्र कार्य सहमति दिने र नवीकरणको कार्य गर्ने ।
४. एक क्षेत्रीय प्रशासन कार्यालय अन्तर्गत प्रधान कार्यालय रहेको सुरक्षा कम्पनीले अर्को क्षेत्रमा गई कम्पनीको शाखा स्थापना गर्न चाहेमा सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयबाट कार्य सञ्चालन सहमति लिई शाखा खोल्न सकिने व्यवस्था गर्ने।
५. दर्ता र नवीकरण भएका सुरक्षा कम्पनीहरुको विवरण प्रत्येक ६/६ महिनामा गृह मन्त्रालयमा पठाउने र क्षेत्रीय प्रशासन कार्यालयहरुबाट सुरक्षा कम्पनीहरुको कार्य सहमति/नवीकरण अनुमतिका लागि मन्त्रालयमा प्राप्त फाईलहरु उपर्युक्तानुसार गरी कार्य फर्छ्यौटका लागि तत् तत् कार्यालयहरुमा फिर्ता पठाइदिने।

२०७३/११/४
(जयराज भण्डारी)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा

पत्र संख्याः- ०७५/०७६
चलानी पत्र संख्या र मितिः-
चलानी नं.:- ८६८

सिंहदरवार,
काठमाडौं, नेपाल।

मिति २०७६।०१।२६

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

बिषय – निजी सुरक्षा कम्पनी सम्बन्धमा ।

प्रस्तुत विषयमा साविकमा क्षेत्रीय प्रशासन कार्यालयलाई प्रत्यायोजित निजी सुरक्षा कम्पनीको अनुमति र नियमन सम्बन्धी अधिकार र जिम्मेवारी हाल ती निकाय खारेज भैसकेको सन्दर्भमा निवेदन संकलन गर्ने, जे जो बुझ्नुपर्ने हो स्थानीय स्तरमा बुझ्ने र जिल्ला सुरक्षा समितिको निर्णय गरी गृह मन्त्रालयमा पठाउन सबै ७७ जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने भनी मिति २०७६।०१।२४ मा सचिवस्तरीय निर्णय भएकोले सोही अनुसार गर्नुहुन निर्णयानुसार अनुरोध छ।

बोधार्थ तथा कार्यार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार (७ वटै प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिदिनुहुन)
श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार (कम्पनी रजिष्ट्रारको कार्यालयलाई जानकारी गराइदिनुंहुन)

(स्मीता पौडेल)
शाखा अधिकृत

नेपाल सरकार
# गृह मन्त्रालय
(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

☎ ०१-४२००००३
०१-४२११२६६
🖷 ०१-४२११२१६
ईमेल- localadmin@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७६/७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३४२

मिति २०७६/०७/०५

श्री जिल्ला प्रशासन कार्यालय
सबै ।

विषय : निजी सुरक्षा कम्पनीको कार्य संचालन सहमति सम्बन्धमा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, बाँकेको च.नं. ५९५, मिति २०७६/०५/०४ को पत्रबाट कम्पनी ऐन २०६३ अनुसार प्रा.लि.को रुपमा दर्ता नभएको तर घरेलु तथा साना उद्योग कार्यालयमा फर्मको रुपमा दर्ता भएका निजी सुरक्षा कम्पनीहरुलाई कार्य संचालन सहमति दिन मिल्ने वा नमिल्ने भनी निर्देशन माग भएको सन्दर्भमा लेखिदैछ । सुरक्षा जस्तो संवेदनशील विषयमा कार्य गर्ने भएको कारणले कम्पनी वा प्रा.लि. मा दर्ता नभएका निजी सुरक्षा कम्पनीहरुलाई कार्य संचालन सहमति निदिने व्यहोरा मिति २०७६/०७/०४ को सचिवस्तरीय निर्णय अनुसार अनुरोध छ ।

(प्रतिक राई)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

नेपाल सरकार
मन्त्रालय

☎ ०१-४२००००३
०१-४२११२६६
फ्याक्स ०१-४२११२१६
ईमेल- localadmin@moha.gov.np
सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७८/०७९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ९८२

मिति २०७८/०५/२२

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

<u>विषय : निजि सुरक्षा कम्पनीहरुको कार्य सञ्चालन र नवीकरण सम्बन्धमा।</u>

उपरोक्त विषयमा विभिन्न जिल्ला प्रशासन कार्यालयबाट कार्य सञ्चालन अनुमति र नवीकरण नगराई कामकाज गरिरहेका निजि सुरक्षा कम्पनीहरुलाई पुनः कार्यालय सञ्चालन अनुमति र नवीकरण प्रदान गर्ने विषयमा मन्त्रालयको निर्देशन अनुरोध भईआएकोमा प्रथम पटक कार्यसञ्चालन अनुमति माग भईआएमा आवश्यक कागजातहरु **(कम्पनी रजिष्ट्रारको कार्यालयको प्रमाणपत्र, श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको श्रमिक आपूर्तिकर्ता इजाजतपत्र र रोजगारदाता सूचिकरण प्रमाणपत्र)** संलग्न गरी मन्त्रालयमा सिफारिसको लागि पठाउन र पुनः कार्यसञ्चालन अनुमति वा नवीकरणको लागि आवश्यक कागजातहरु संलग्न गरी निवेदन पेश गरेमा जे-जे बुझ्न पर्ने हो तहाँबाटै बुझी एक पटकको लागि २०७८ पुस मसान्त सम्म माग भईआएका निजि सुरक्षा कम्पनीहरुलाई पूर्व परिपत्र अनुसार शुल्क र जरिवाना लिई पुनः कार्यसञ्चालन वा नवीकरण गर्न/गराउन र २०७८ पुस मसान्त पश्चात पूर्ववत निर्णय र परिपत्र अनुसार गर्न/गराउन मिति २०७८/०५/२१ को सचिव स्तरीय निर्णयानुसार अनुरोध छ ।

Pradhan
२०७८/०५/२२
.......................
(यन्तोष प्रधान)
शाखा अधिकृत

# गृह मन्त्रालय

स्थानीय प्रशासन तथा प्रहरी समन्वय शाखा

पत्र संख्या:- ०७५/०७६
चलानी नं.:- ९९४

सिंहदरवार,
काठमाडौं, नेपाल।
मिति २०७६।०३।०४

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

बिषय – निजी सुरक्षा कम्पनीहरुको कार्यसञ्चालन सहमति सम्बन्धमा ।

निजी सुरक्षा कम्पनीहरुको कार्य सञ्चालन सहमति सम्बन्धमा मिति २०७६।०३।०३ मा माननीय मन्त्रीस्तरबाट देहाय बमोजिमको निर्णय भएकोले निर्णय कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ।

१. कुनै पनि निजी सुरक्षा कम्पनीले जिल्ला प्रशासन कार्यालयमा पहिलोपटक कार्यसञ्चालन सहमति माग गरी निवेदन पेश गरेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले मन्त्रालयको अनुमति लिई कार्यसञ्चालन सहमति प्रदान गर्ने र त्यसपछि प्रत्येक वर्ष कार्यसञ्चालन सहमति नविकरण गर्दा जे जे बुझ्नु पर्ने हो बुझी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले नै नविकरण गर्ने व्यवस्था गर्ने।
२. पूर्ववत निर्णय बमोजिम प्रत्येक निजी सुरक्षा कम्पनीले कार्यसञ्चालन सहमतिको अवधि समाप्त भएको ३ महिनाभित्र कार्यसञ्चालन सहमति नविकरण गराउने व्यवस्था गर्ने।
३. पूर्ववत निर्णय बमोजिम कार्यसञ्चालन सहमति नविकरण गर्न आउने कम्पनीहरुलाई प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को नियम ७ को उपनियम ४ र ५ बमोजिम दस्तुर लिई नविकरणण गर्ने र नयाँ कार्यसञ्चालन सहमतिको लागि पेश हुने कम्पनीहरुको हकमा सोही नियमावलीको नियम ४ बमोजिमको दस्तुर लिने व्यवस्था गर्ने।
४. एक जिल्ला प्रशासन कार्यालय अन्तर्गत प्रधान कार्यालय रहने सुरक्षा कम्पनीले अर्को जिल्लामा गई कम्पनीको शाखा स्थापना गर्न चाहेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट कार्य सञ्चालन सहमति लिई शाखा खोल्न सकिने व्यवस्था गर्ने।
५. कार्यसञ्चालन सहमति समाप्त भएको मितिले ६ महिनाभित्र कार्यसञ्चालन सहमति नविरण गराउन नसकेको मनासिब कारण देखाई नविकरणको लागि निवेदन पेश भएमा सुरक्षा निकायको प्रतिवेदन लिई प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को नियम ७ को उपनियम ४ र ५ बमोजिम गर्ने र ६ महिनाभित्र समेत कार्यसञ्चालन सहमति नविकरण नगराउने कम्पनिको कार्यसञ्चालन सहमति खारेज गर्ने व्यवस्था गर्ने।

(स्मीता पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा प्रहरी समन्वय शाखा)

पत्र संख्याः-०७५/०७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-९९०

सिंहदरबार,
काठमाडौं,

मितिः २०७६/०३/१३

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

बिषयः नीजि सुरक्षा कम्पनी सम्बन्धमा ।

सुरक्षा सेवा सम्बन्धी काम गर्ने कम्पनीहरुको दर्ता, खारेजी, खरिद बिक्री, ठेगाना तथा उद्देश्य थप/संशोधन सम्बन्धी बिषयमा क्षेत्रीय प्रशासन कार्यालयबाट राय/प्रतिक्रिया लिने गरिएकोमा ... कार्यालय खारेजी पछी कुन निकायबाट राय/प्रतिक्रिया लिने भन्ने बिषयमा द्विविधा भएको सन्दर्भमा ... सुरक्षा कम्पनीहरुको दर्ता, खारेजी, शेयर खरिद बिक्री ठेगाना तथा उद्देश्य थप/संशोधन सम्बन्धी ... बुझ्नुपर्ने हो बुझी कम्पनी रजिष्ट्रारको कार्यालयलाई राय/प्रतिक्रिया उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गर्ने भनी मिति २०७६/०३/१२ मा माननीय मन्त्रीस्तर निर्णय ... निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध छ ।

<u>बोधार्थः</u>
श्री उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, सिंहदरबार
(कम्पनी रजिष्ट्रारको कार्यालयलाई जानकारी गराईदिनुहुन)